स्थानीय राजपत्र
पञ्चेश्वर गाउँपालिकाद्वारा प्रकाशित

**सुदूरपश्चिम प्रदेश, आम्चौरा माघ १५ गते मंगलबार २०७५ साल खण्ड १ संख्या ७**

# आर्थिक सहायता कार्यविधि, २०७५

गाउँ सभाबाट स्वीकृत मिति २०७५/१०/१५

प्रस्तावनाः पञ्चेश्वर गाउँपालिकाबाट प्रदान गरिने आर्थिक सहायतालाई छिटो, छरितो, मितब्ययी, पारदर्शी एवं प्रभावकारी रुपमा प्रवाह गर्न र सहायत प्राप्त गर्नेहरुलाई अनुशासित, जबाफदेही, उत्तरदायी बनाई परिणाम हासिल गर्न, पञ्चेश्वर गाउँपालिकाको कोषको सही सदुपयोग गर्न र गराउन, सामाजिक सुरक्षा र संरक्षण प्राप्त गर्ने नागरिकहरुको मौलिक हकको प्रत्याभूत गर्न स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी पञ्चेश्वर गाउँ कार्यपालिकाले यो कार्यविधि बनाइ जारी गरेको छ।

**१.आर्थिक सहायता प्रदान गर्न सकिने:**

तपशिलको अवस्थाका व्यक्ति वा निजका अभिभावक वा संरक्षकलाइ यसै कार्यविधि बमोजिम तोकिएको प्रक्रिया पूरा गरेमा गाउँपालिका अध्यक्ष वा उपाध्यले रु. पाँच हजार सम्म नगदै वा सो बराबर सम्मको जिन्सी र वडा अध्यक्षले रु. दुई हजार सम्म नगदै वा सो बराबरको जिन्सिसहायता गर्न सक्नेछ र सो रकम भन्दा बढी आर्थिक सहायता प्रदान गर्नु परेमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

क) विरामी,

ख) अशक्त–अपाङ्ग,

ग) परिवारबाट विस्थापित सहाराविहीन वृद्ध, वृद्धा,

घ) अति विपन्न व्यक्तिहरु

ङ) प्राकृतिक विपत्ति तथा विपदमा परेका घरबार विहीन व्यक्तिहरु

**२. आर्थिक सहायता प्रदान गर्ने तरिका:**

२.१ पञ्चेश्वर गाउँपालिकाले आर्थिक सहयोग उपलव्ध गराउँदा निम्न प्रक्रिया अवलम्वन गर्नेछ।

क) सम्वन्धित व्यक्ति वा नीजको अभिभावक वा नीजको संरक्षकको निवेदन, नागरिकता।

ख) अपाङ्गको हकमा सम्वन्धित निकायबाट जारी अपाङ्ग परिचयपत्र।

ग) प्राकृतिक विपत्ति तथा विपदमा परेकाको हकमा प्रहरी सर्जमिन मुचुल्का।

ङ) विरामीको हकमा निवेदन साथ सम्वन्धित अस्पताल, नर्सिङ होम वा स्वास्थ्य क्लिनिक वा जाँच गर्ने डाक्टरले जाँच गरेको प्रमाणको प्रतिलिपी ।

२.२ उपरोक्त बमोजिम सहयोगका लागि आउने निवेदन दर्ता गर्दा गाउँपालिकाले निवेदकको अवस्थाको गाम्भिर्यता प्रति विश्वस्त हुन आवश्यकता अनुसार सम्वन्धित वडा कार्यालयको सिफारिस समेत माग गर्न सक्नेछ।

**३. स्वीकृत आर्थिक सहयोगको भुक्तानीः**

दफा १ र २ बमोजिम आर्थिक सहयोग उपलब्ध गराउन गाउँपालिका प्रमुखको तोकादेश बमोजिम गाउँ सभाबाट विनियोजित मिल्दो शीर्षकको बजेटबाट निवेदकलाई आर्थिक सहयोग उपलब्ध गराउने व्यवस्था गर्नेछ।

४. एक ब्यक्तिलाइ एक पटक मात्र सहयोग उपलब्ध गराउन सकिनेः

माथि जुनसुकै कुरा लेखिएको भएतापनि दफा २ को उपदफा ग बमोजिमको सहयोग बाहेकको हकमा एक व्यक्तिलाइ एक आर्थिक वर्षमा एकपटक भन्दा बढी एकै शीर्षकमा आर्थिक सहयोग उपलब्ध गराइने छैन।

**५. बिबिध**

५.१ बाझिएमाः यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रक्रियाहरु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित कानुनसंग बाझिएमा बाझिएको हद सम्म अमान्य हुने छ।

५.२ कारबाहीः यस कार्यविधि विपरीत आर्थिक सहयोग वितरण गरिएमा, त्यस्तो निर्णय वा आदेश दिने, आदेश दिन वा निर्णय गर्न सिफारीस तथा सहयोग गर्न कर्मचारी तथा पदाधिकारीबाट असुल उपर गरिने छ।

५.३ यसै कार्यविधि बमोजिम भए गरेको मानिनेः यस अघि यस गाउँपालिकाबाट भएका वा दिइएका आर्थिक सहयोग वा सहायता यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

आज्ञालेः
कमलापति भट्ट
प्रमुख प्रशासकीय अधिकृत